# जनवादी गणतन्त्र चीन सरकार
# तथा
# नेपाल सरकार
# वीच
# सम्पन्न
# सीमानाका बासिन्दाबाट गरिने सीमापार चरन सम्बन्धी सम्झौता

जनवादी गणतन्त्र चीन सरकार तथा नेपाल सरकार (यसपछि "दुवै पक्षहरु" भनिएको), दुवै देशका जनताहरु वीच रहेको परम्परागत असल छिमेकी र मैत्रीपूर्ण सम्वन्धलाइ अझ प्रगाढ र विकसित गर्ने चाहना गर्दै तथा दुवै देशका सीमानाका वासिन्दाहरुवाट गरिने सीमापार चरनका लागि सुविधाहरु प्रदान गर्दै समानता र पारस्परिक लाभको आधारमा देहाय वमोजिम गर्न सहमत भएका छन् :

धारा - १

यस सम्झौतामा दुवै पक्षहरुले शव्दहरुलाई देहाय वमोजिम प्रयोग गर्दछन्:

१. "सीमापार चरन" भन्नाले यस सम्झौता वमोजिम एउटा पक्षको सीमानाका वासिन्दाहरुले अर्को पक्षको भू-भागमा चरनका लागि नेपाल - चीन सीमापार गर्ने कार्यलाई जनाउँछ ।
२. "सीमानाका वासिन्दाहरु" भन्नाले कुनै पनि पक्षका नागरिक रहेका सीमा क्षेत्रको जिल्ला वा काउण्टीमा वसोवास गर्ने स्थायी वासिन्दाहरुलाई जनाउँछ ।

धारा २

सीमापार चरन क्षेत्रहरु सिमानाबाट ३० किलो मिटर भित्रको पहुँच योग्य र सुविधाजनक तथा सीमापार चरनको रुपमा प्रयोग गर्न सकिने क्षेत्रहरु हुनेछन् ।

धारा ३

१. हरेक वर्ष सीमापार चरन भन्दा अगावै दुवै पक्षका स्थानीय अधिकारीहरुले वास्तविक धरातलीय अवस्थाहरुलाई विचार गरी देहायका विषयहरुमा छलफल र निर्णय गर्नेछन्:-

   - सीमापार चरनका लागि पशुहरुको संख्या
   - सीमापार चरनको अवधि र समय
   - सरुवा रोगहरुको रोकथाम र क्वारेण्टाइनका उपायहरु
   - सम्वद्ध अधिकारीहरुवाट कार्यान्वयन गरिने भावी उपयोगका लागि उपलब्ध हुने विग्रदो चरन भूमिको सुधार

   दुवै पक्षहरुले आ-आफ्ना सीमानाका वासिन्दाहरुलाई उपरोक्त विस्तृत प्रवन्धहरु पहिले नै पूर्ण र स्पष्ट रुपमा जानकारी गराउनेछन् ।

२. माथि उल्लेख भएको प्रवन्धहरुले दुवै पक्षहरुले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय सन्धिहरु र द्विपक्षीय सम्झौताहरु एवं आफ्ना घरेलु कानून उल्लंघन गर्ने छैनन् ।

धारा -४

दुवै पक्षहरुका सीमापार चरनमा संलग्न सीमानाका वासिन्दाहरुले नेपाल-चीन सीमा क्षेत्रको आवत जावत अनुमति पत्रहरु प्रयोग गरी सीमानामा प्रवेश गर्न वा वाहिर जान पाउनेछन् तथा आवश्यकता अनुसार दुवै पक्षहरुका सीमा नियन्त्रण/सुरक्षा निकायहरुद्वारा गरिने जाँचलाई स्वीकार गर्नेछन् ।

धारा ५

दैनिक उपभोगका लागि दाउरा संकलन गर्ने अपवाद वाहेक कुनै पनि पक्षका सीमानाका वासिन्दाहरुद्वारा अर्को पक्षको भू-भागमा अनुमति विना खेती गर्ने, शिकार खेल्ने, रुख काट्ने र जडिबुटी संकलन गर्ने जस्ता गतिविधि गर्न कडाइकासाथ रोक लगाइएको छ ।

धारा ६

सीमापार चरनका लागि पठाउनु अघि नै पशुहरुलाई रोगहरु विरुद्धको खोप दिइनेछ । कुनै समय सरुवा रोग देखा परेमा सम्वद्ध स्थानीय अधिकारीहरुले रोग फैलिनवाट रोक्न आवश्यक उपायहरु अपनाउने छन् ।

रोगको संक्रमणलाई रोकथाम गर्न कुनै पनि पक्षको स्थानीय अधिकारीले उपयुक्त ठानेमा सीमा पार चरनलाई अस्थायी रुपमा रोक लगाउन सक्नेछ, तर अर्को पक्षलाई सो कुरा अग्रीम रुपमा सूचित गर्नुपर्नेछ ।

धारा ७

चरनका लागि सीमा पार गरेका कुनै पनि पक्षका सीमानाका वासिन्दाहरुलाई घाँस वा रुखमा आगो लगाउन प्रतिवन्ध लगाइएको छ । आगलागी भएको अवस्थामा सम्वन्धित स्थानीय अधिकारीलाई तिनीहरुले खवर गर्नुपर्नेछ र आफ्नो अख्तियारी भित्र आगो निभाउन आवश्यक उपाय अपनाउनु पर्नेछ ।

दुवै पक्षहरुले सीमापार चरनमा संलग्न वासिन्दाहरुलाई आगलागी रोकथाम सम्वन्धी शिक्षालाई जागरुकतापूर्वक गर्नुपर्नेछ र घाँसे मैदान र जङ्गलमा लागेको आगलागी रोकथाम गर्नु पर्नेछ ।

धारा ८

दुवै पक्षहरुले यो सम्झौता अन्तर्गत गरिएको विशेष सम्झौताहरु समेतको प्रभावकारी कार्यान्वयनको सुनिश्चितताका लागि सीमापार चरन प्रशासनलाई सुदृढ पार्नुपर्नेछ र यो सम्झौता (यो सम्झौता अन्तर्गत गरिएका विशेष सम्झौंताहरु समेत) को उल्लंघन विरुद्ध कडा निगरानी गर्नुपर्नेछ ।

दुवै पक्षहरुले स्वीकार गरेका वा दुवै पक्षहरुका सम्वन्धित स्थानीय निकायका अधिकारीहरुले स्वीकार गरेका सिद्धान्तहरुको आधारमा यो सम्झौता (यो सम्झौता अन्तर्गत गरिएका विशेष सम्झौंताहरु समेत) उल्लंघन गर्ने सीमानाका वासिन्दाहरुसंग व्यवहार गर्नु पर्नेछ ।

धारा ९

यो सम्झौताको प्रभावकारी कार्यान्वयनको सुनिश्चतता गर्न दुवै पक्षहरुले स्थानीय अधिकारीहरु वा दुवै पक्षले तोकेका अन्य कुनै सक्षम अधिकारीहरुको नेतृत्वमा एउट संयन्त्र स्थापना गर्ने छन् ।

धारा ९

यो सम्झौताको प्रभावकारी कार्यान्वयनको सुनिश्चतता गर्न दुवै पक्षहरुले स्थानीय अधिकारीहरु वा दुवै पक्षले तोकेका अन्य कुनै सक्षम अधिकारीहरुको नेतृत्वमा एउट संयन्त्र स्थापना गर्ने छन् ।

त्यस्तो संयन्त्रको बैठक कम्तीमा वर्षको एक पटक वस्नेछ । यस्ता बैठकहरु नेपाल र चीनमा पालै पालो सम्पन्न गरिनेछन् ।

सो संयन्त्रले यो सम्झौता कार्यान्वयनको लागि योजना वनाउनेछ, यो सम्झौतासंग सम्वन्धित विषयमा सल्लाह सुझाव लिनेछ र यो सम्झौताको कार्यान्वयनमा देखा परेका समस्याहरु समाधान गर्नेछ ।

धारा १०

यो सम्झौताले दुवै पक्षहरुले हस्ताक्षर गरी क्रियाशील रहेका अन्य अन्तर्राष्ट्रिय सन्धिहरुवाट सिर्जित दुवै पक्षका अधिकार र दायित्वहरुमा कुन प्रभाव पार्ने छैन ।

धारा ११

यो सम्झौताको व्याख्या वा कार्यान्वयनको क्रममा उठेका सवै मत भिन्नताहरुलाई दुवै पक्षहरुले कूटनैतिक माध्यमहरु मार्फतको छलफलवाट समाधान गर्नेछन् ।

धारा १२

दुवै पक्षहरुको पारस्परिक सहमतिद्धारा यो सम्झौतको वैधताको अवधि भित्र यो सम्झौता संशोधन वा हेरफेर गर्न सकिनेछ ।

धारा १३

यो सम्झौता हस्ताक्षर भएको मिति देखी लागू हुनेछ र १० वर्षको अवधिका लागि वहाल रहनेछ ।

यो सम्झौताको अन्त्य हुनुभन्दा ६ महिना अगावै कुनै पक्षले लिखित सूचनाद्धारा अर्को पक्षलाई सम्झौताको समाप्तिको लागि अनुरोध गरेकोमा वाहेक यो सम्झौता लगातार हरेक १० वर्षमा स्वत: नवीकरण हुनेछ ।

मिति १४ जनवरी २०१२मा चिनीयाँ, नेपाली, र अंग्रेजी भाषाका सवै प्रतिहरु समान रुपमा आधिकारिक हुने गरी काठमाडौंमा सम्पन्न भयो । कुनै मतभिन्नता भएमा अंग्रेजी प्रति मान्य हुनेछ ।

जनवादी गणतन्त्र चीन सरकारको तर्फबाट

杨洁篪

नेपाल सरकारको तर्फबाट